मिति २०७९ साल बैशाख २८ गतेका दिन बसेको नगर कार्यपालिकाको एघारौं बैठकबाट देहायबमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं.१

यस नगरपालिका, नगरकार्यपालिकाको मिति २०७९/०१/१३ गतेको बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने।

निर्णय नं. २

कोहलपुर नगरपालिकाको प्रशासनिक, कार्यालय मर्मत सुधार लगायत विभिन्न कार्यहरुको बजेट थपघट/संशोधन गर्नेः

क) रकमान्तर गरी घटाउनेः

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शिर्षक | स्रोत | जम्मा |
|---|---|---|---|---|
| १ | स्टोर व्यवस्थापन खर्च | ७३६ | | ५००००० |
| २ | स्वास्थ्य केन्द्रहरुमा फर्निचर तथा उपकरण खरिद | ७३७ | | ५००००० |
| ३ | शम्सेरगंज र रझेना स्वास्थ्य चौकीमा ल्याब स्थापना तथा घुम्ति शिविर | ७३९ | | १०००००० |
| ४ | कबुलियति खेती(कृषि तर्फ) | ७५३ | | ५००००० |
| ५ | पर्यटन विकास प्रबर्द्धन कार्यक्रम | १२५ | आन्तरिक | ५००००० |
| ६ | कोभिड १९ को औषधी, खोप, परिक्षण सुरक्षा सामाग्री तथा उपकरण खरिद | २०७ | | ५००००० |
| ७ | दलित निगरानी केन्द्र संचालन | | | ३००००० |
| ८ | कोशेली घर सञ्चालन | | | १२५००० |
| जम्मा | | | | ३९२५००० |

ख) रकमान्तर गरी थप हुनेः

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शिर्षक | स्रोत | रकम |
|---|---|---|---|---|
| १ | मसलन्द | | | ७५०००० |
| २ | अन्य कार्यालय सञ्चालन खर्च | | | २५०००० |
| ३ | विविध | | | ६२५००० |
| ४ | विविध कार्यक्रम खर्च | | | १२५००० |
| ५ | समपुरक कोष | | | २१७५००० |
| जम्मा | | | | ३९२५००० |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ग) तपसिल बमोजिमको कार्यका लागि समपुरक कोषबाट भुक्तानी दिने ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शिर्षक | स्रोत | रकम |
|---|---|---|---|---|
| १ | वडा कार्यालय व्यवस्थापन | | | २०००००० |
| २ | एम्बुलेन्स खरिद | | | १०००००० |
| ३ | नगर कार्यपालिका कार्यालयको कम्पाउण्ड वाल निर्माण | | | ५००००० |
| ४ | नगर कार्यपालिका कार्यालय पार्टेसन र स्तम्भ निर्माण | | | ५००००० |
| ५ | नगर सभा हलभित्र मतगणना कक्ष निर्माण | | | ५००००० |
| ६ | प्राकृतिक चिकित्सालय भवन निर्माण(प्रदेश सरकारबाट प्राप्त नभई बक्यौता बाँकी रकम भुक्तानी) | | | ५००००० |
| जम्मा | | | | ५०००००० |

घ) नगर कार्यपालिकाको मिति २०७८/०९/१८ को निर्णय बमोजिम सिकलसेल ल्याब संचालन तथा संचेतनामुलक कार्यक्रमका लागि विनियोजित बजेट मध्ये तपसिल बमोजिम रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो ।

| सि.नं. | क्रियाकलाप/शिर्षक | घटाउने रु. | थप गर्ने रु. |
|---|---|---|---|
| १ | तलब तथा पारिश्रमिक | | १४०२३० |
| २ | सचेतनामुलक कार्यक्रम | ११९५० | |
| ३ | मेशिनरी औजार मर्मत | ४००००० | |
| ४ | परामर्श सेवा | ६९२५० | |
| ५ | कार्यक्रम व्यवस्थापन खर्च | | ३४०९७० |
| जम्मा | | ४८१२०० | ४८१२०० |

निर्णय नं. ३

क) कोहलपुर नगरपालिकामा निर्माणाधिन बसपार्कमा लागत अनुमान(Estimate) तयार पार्दा पुर्व अनुमान गर्न नसकिएकाले Stone masonry(1:4) works र Gabion works को साइटको आवश्यकता अनुसार डिजाइन संशोधन गरी ठेक्का सम्झौताको (४.९७%) आर्थिक भार बढ्ने गरी प्रथम Variation Order (VO) स्वीकृत गरि सो बढेको आर्थिक भार नगर विकास कोष र यस कार्यालयको ऋष सम्झौताबाट हुने गरी काम अगाडी बढाउने ।

ख) बसपार्कको डि.पि.आर. गर्दा भएको Master Plan भन्दा केही क्षेत्रफल(लम्बाई र चौडाई) फिल्डमा घटेको हुँदा ठेक्का सम्झौता पश्चात सर्भे गर्दा Master Plan पुनः सोही क्षेत्रफल बमोजिम संशोधन गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

ग) बसपार्कको मुल गेटमा रहेका Shutter Block लाई र उत्तर तर्फ रहेको Shutter without Store Block लाई Master Plan मा स्थान्तरण गरी दक्षिण तर्फको नगर विकासको जग्गा तर्फ निर्माण गर्ने ।

घ) ठेक्का सम्झौतामा भएको व्यवस्था बमोजिमको Price Escalation (मुल्यबृद्धि) र Bonus पुरुस्कार रकम नगर विकास कोष र नगरपालिका बीचको ऋण सम्झौता बमोजिम माग गर्ने ।

निर्णय नं. ४

क) यस नगरपालिकाको ११ नं. वडाको वडा कार्यालय भवन र नयाँ बसपार्कको टर्मिनल भवन मिति २०७९/०२/०३ गते उद्घाटन गर्ने । सो वापत लाग्ने खर्च निर्णय नं. २(ग)१ मा विनियोजित रकमबाट भूक्तानी गर्ने ।

ख) यस नगरपालिकाको वडा नं. ११ मा निर्माणाधिन भ्यूटावरको "कोहलपुर भ्यू टावर" नामाकरण गरियो साथै शिलान्यास स्तम्भ निर्माण गर्ने ।

निर्णय नं. ५

क) यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७८/१२/२३ गतेको बैठकका निर्णय अनुमोदनका लागि पेश भएकोमा देहायका निर्णयहरु स्वीकृत गर्ने ।

देहाय:

१. मिति २०७८ चैत्र २३ गते बसेको शिक्षा समितिको बैठकको निर्णयानुसार कोहलपुर नगरपालिका अन्तरगत संचालित संस्थागत विद्यालयहरूले पेश गरेको थप कक्षा अनुमति सम्बन्धमा गरेको निर्णय उपर चित्त नबुझी निर्णय पुनर्विचार गर्न माग गरेको हुँदा शिक्षा शाखाबाट गरिएको थप स्थलगत अनुगमनका आधारमा केही प्रावधानहरुमा थप सुधार गरेको देखिन आएकोले तपसिल बमोजिम निर्णयमा पुनर्विचार गरी शैक्षिक सत्र २०७९ देखि थप कक्षा संचालनका लागि कार्यपालिकाको बैठकबाट अनुमोदन हुने गरी अनुमति प्रदान गर्ने । साथै साइनिङ स्टार इ. मि. स्कूल, कोहलपुर - ०९, बाँके कक्षा ११ संचलित भई कक्षा १२ को अनुमतिको लागि ढिलो गरी निवेदन पेश गरे तापनि अध्ययनरत विद्यार्थीको हितलाई हेरी शैक्षिक सत्र २०७९ देखि कक्षा १२ संचालनको अनुमति प्रदान गर्ने ।

तपसिल :

| सि. नं. | विद्यालयको नाम | ठेगाना | अनुमति माग गरेको तह | संचालित कक्षा | अनुमति माग गरेको कक्षा | निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ज्ञानकुञ्ज इ मि स्कुल | कोहलपुर - १२ | आधारभूत | ५ | ६ | सिफारिस नगरिएको | तह थप नगर्ने |
| २ | डाएमण्ड स्टार एकेडेमी | कोहलपुर - १२ | आधारभूत | ४ | ५ | सिफारिस नगरिएको | मापदण्ड पुरा नभएको |



टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | पब्लिक लर्ड बुद्ध एकेडेमी | कोहलपुर -२ | आधारभूत | ७ | ८ | सिफारिस नगरिएको | खानेपानी तथा सरसफाइ व्यवस्थापन गर्ने शर्तमा |
| ४ | कोहलपुर सिटी एकेडेमी | कोहलपुर -११ | आधारभूत | ६ | ७ | सिफारिस गरिएको | जग्गा दर्ताको प्रक्रियामा गैसकेकाले अनुमति दिने तर दर्ता प्रक्रिया पुरा नभएमा आगामी वर्षमा अनुमति रोक्का गर्ने |
| ५ | फूलबारी एजुकेशनल एकेडेमी | कोहलपुर -०२ | आधारभूत | ७ | ८ | सिफारिस गरिएको | खानेपानी तथा सरसफाइ व्यवस्थापन गर्ने शर्तमा |
| ६ | गोल्डेन फ्युचर एकेडेमी | कोहलपुर -१२ | आधारभूत | ५ | ६ | सिफारिस नगरिएको | तह थप नगर्ने |
| ७ | साइनिङ स्टार इ. मि. स्कूल | कोहलपुर -०९ | माध्यमिक | ११ | १२ | सिफारिस गरिएको | यस अघि निवेदन फाराम छुट भएकोले हुँदा कक्षा १२ संचालन गर्नै पर्ने भएकोले अनुमति प्रदान गरिएको |

२. यस कोहलपुर नगरपालिका अन्तरगत संचालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयका भवनहरूको अनिवार्य नक्सा पास गर्ने तथा पुराना भवनहरूको सन्दर्भमा नगरपालिकाले अभिलेखीकरण गर्नका लागि म्याद दिएको अवधिभित्र सो कार्य गरिसक्न शिक्षा युवा तथा खेलकुद शाखावाट सूचना जारी गर्ने । साथै सामुदायिक विद्यालयहरूको हकमा नक्सा पास तथा अभिलेखीकरणका लागि लाग्ने आवश्यक राजश्व छुटको लागि माग भई आएमा सो रकम छुट गरिदिनका लागि कार्यपालिकाको बैठकमा सिफारिस गर्ने ।

३. कोहलपुर नगरपालिकामा आधारभूत तह (१-८) को स्थानीय पाठ्यक्रम निर्माणको लागि स्थानीय पाठ्यक्रम निर्माणका लागि तपसिल बमोजिम निर्माण समितिलाई स्थानीय पाठ्यक्रम लेखन, सम्पादन तथा मस्यौदा तयारीको लागि निम्नानुसारको समितिलाई जिम्मेवारी दिने । साथै उक्त समितिको बैठकमा आवश्यकता अनुसार विविध क्षेत्रका विज्ञ, साझेदार संस्था तथा शिक्षा शाखाका कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

तपसिल :

संयोजक : श्री जीतबहादुर शाह (पूर्व उपसचिव एवं स्थानीय पाठ्यक्रम विज्ञ)

सदस्य : श्री दिलिप वली (प्रधानाध्यापक श्री कृष्ण मा वि कौशिलानगर)

सदस्य : श्री सुमित्रा न्यौपाने (प्रधानाध्यापक श्री जन ज्ञानज्योति मा वि कौशिलानगर)

सदस्य : श्री ऋषिराज शर्मा (शिक्षक श्री त्रिभुवन मा वि कोहलपुर)

सदस्य : श्री गोविन्द सुवेदी (अध्यक्ष प्याब्सन कोहलपुर)

सदस्य : श्री वेगप्रकाश चन्द (अध्यक्ष एन-प्याब्सन कोहलपुर)

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

सदस्य सचिव : श्री रविलाल मिजार (शिक्षा शाखा प्रमुख)

४. कोहलपुर नगरपालिकामा आधारभूत तह कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माणको लागि शिक्षा युवा तथा खेलकुद शाखाबाट पेश गरिएको यसै निर्णय साथ संलग्न पाना थान २ बमोजिमको पाठ्यक्रम निर्माणसम्बन्धी क्रियाकलापसहितको कार्ययोजना स्वीकृत गर्ने तथा निर्धारित समयमा पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा लैजाने । उक्त कार्यक्रमका लागि आ.व. २०७८/०७९ को समानीकरण अनुदान तर्फ शिक्षा क्षेत्रको लागि विनियोजित स्थानीय पाठ्यक्रम, शैक्षिक पार्श्वचित्र निर्माण तथा सिकल सेल एनेमिया पाठ्यक्रम निर्माण तथा अभिमुखीकरण गोष्ठी कार्यक्रमबाट व्ययभार हुने गरी खर्च गर्ने ।

ख) आ.ब. २०७८/०७९ को वार्षिक बजेट कार्यक्रममा सामाजिक विकास अन्तर्गत "नगर प्रमुख छात्रबृत्ति" कार्यक्रमका लागि परेका निवेदनहरु उपर छानबिन गरी तपसिल बमोजिम छात्रबृत्ति रकम वा रकम बराबरको सामान(ब्याग, ड्रेस, स्टेशनरी) कार्यबिधी बमोजिम प्रदान गर्ने ।

तपसिल

| क्र.स. | नाम | तह | लक्षित वर्ग | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुबास्ना सार्की | आधारभुत | दलित | ५००० | |
| २ | तुलसी वादी | आधारभुत | दलित | ५००० | |
| ३ | अन्जलीज्ञा नेपाली | आधारभुत | दलित | ५००० | |
| ४ | अन्जली वादी | आधारभुत | दलित | ५००० | |
| ५ | सीमाना वादी | आधारभुत | दलित | ५००० | |
| ६ | खुसी वादी | आधारभुत | दलित | ५००० | |
| ७ | छाँया वादी | आधारभुत | दलित | ५००० | |
| ८ | आयूशा वादी | आधारभुत | दलित | ५००० | |
| ९ | पुष्पा वादी | आधारभुत | दलित | ५००० | |
| १० | सन्ध्या नेपाली | आधारभुत | विपन्न तथा जेहेन्दार/ दलित | ५००० | |
| ११ | सिता उपाध्याय | आधारभुत | विपन्न तथा जेहेन्दार | ५००० | |
| १२ | शिखा आचार्य | आधारभुत | विपन्न तथा जेहेन्दार | ५००० | |
| १३ | सन्देश बुढा | आधारभुत | विपन्न तथा जेहेन्दार | ५००० | |
| १४ | भगवती नेपाली | माध्यमिक-११ | दलित | १३००० | |
| १५ | निरज शर्मा | माध्यमिक-११ | द्धन्दपिडित | १३००० | |
| १६ | प्रशंसा पुन मगर | माध्यमिक-१२ | जनजाति | १३००० | |
| १७ | सुष्मा थारु | माध्यमिक-११ | जनजाति | १३००० | |
| १८ | रविना टमटा | माध्यमिक-१० | विपन्न तथा जेहेन्दार/ दलित | १३००० | |
| १९ | सरिता दमाइ | माध्यमिक-९ | विपन्न तथा जेहेन्दार/ दलित | १३००० | |
| २० | शर्मिला शाहि | माध्यमिक ९ | विपन्न तथा जेहेन्दार | १३००० | |



टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | तारा पुन | माध्यमिक-११ | विपन्न तथा जेहेन्दार | १३००० | |
| २२ | जानकी राजी | उच्च शिक्षा | लोपोन्मुख सिमान्तकृत | १८००० | |
| २३ | अर्जुन कुमार सुनार | उच्च शिक्षा | दलित | १८००० | |
| २४ | यमुना गिरी | उच्च शिक्षा | द्वन्दपिडित | १८००० | |
| २५ | विनीता डि.सी. | प्राविधिक | द्वन्दपिडित | ३०००० | |
| २६ | निरुता डि.सी. | प्राविधिक | द्वन्दपिडित | ३०००० | |
| २७ | प्रेम प्रकाश बुढाथोकी | प्राविधिक - कृषि | विपन्न तथा जेहेन्दार | ३०००० | |
| २८ | अशुन शर्मा | प्राविधिक-MBBS | विपन्न तथा जेहेन्दार | ७५००० | |
| | | जम्मा | | ३८८००० | |

**निर्णय नं. ६ विविध**

क) यस नगरपालिका अन्तर्गत वडा नं. १२ र १३ वडाका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको सहजताका लागि आगामी आ.ब. २०७९/०८० देखि लागु हुने गरी कोहलपुर १२ स्थित गरिमा विकास बैंक, चप्परगौडीमा लाभग्राहीहरुको खाता सञ्चालन गरी सामाजिक सुरक्षा भत्ता उक्त बैंक मार्फत भुक्तानी गर्ने र सो का लागि क्रमशः खाता खोल्न जानकारीका लागी १२ र १३ नं. वडा कार्यालयलाई पत्राचार गर्ने ।

ख) नगर कार्यपालिकाको मिति २०७४/०९/०६ को निर्णय नं. २ बमोजिम यस नगरपालिकाको कानूनी सल्लाहकारको रुपमा नियुक्ति पाई निरन्तर कानूनी सेवा दिंदै आउनु भएका नेपालगञ्ज उपमहानगरपालिका -१० बस्ने श्री बासुदेव ज्ञवालीलाई यस आर्थिक वर्षमा कानूनी सेवा उपलब्ध गराए वापत गत आ.व. को सम्झौता बमोजिम कै दररेट हुने गरी रकम अन्तरिम आदेश छलफलको बहसको रु.१५०००।-, लिखित जवाफ मस्यौदाको रु.१५०००।- र अन्तिम बहसको रु.२००००।- का दरले भुक्तानी दिने ।

ग) यस नगरपालिकाको **"नगर प्रमुख सामाजिक सुरक्षा कार्यक्रम"** अन्तर्गत मिति २०७८/१२/०७ मा सूचना प्रकाशन गरी विभिन्न वडाबाट माग निवेदन पेश भएका विभिन्न १०६ जना 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई कार्यबिधी बमोजिम २०७८ श्रावण १ देखि २०७९ बैशाख मसान्तसम्मको रु.५०००।- का दरले आर्थिक सहायता उपलब्ध गराउने ।

घ) यस कार्यपालिकाको मिति २०७८/१०/१० गतेको निर्णयानुसार भेरी जेष्ठ नागरिक कृषक समुहलाई च्याउ खेति प्रर्बर्धन गर्ने प्रयोजनार्थ चिलिङ् भ्यान खरिद गर्न अनुदान स्वरुप रु. ७ लाख विनियोजन गरिएकोमा यस नगरपालिका, कृषि ज्ञान केन्द्र बाँकेको सहकार्यमा सो संस्थाले च्याउ ढुवानी गर्ने पिक अप भ्यान खरिद गरी भुक्तानी माग गरेको हुँदा सो वापत नियमानुसार लाग्ने कर सहित रु.७ लाख अनुदान भुक्तानी दिने ।

ङ) यस नगर कार्यपालिकाको हालसम्म बैठक, निर्णय प्रक्रिया, कार्यान्वयन लगायत कोहलपुर नगरपालिकामा प्रथम निर्वाचित जनप्रतिनिधीहरुको कार्यकाल सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण कार्यपालिका सदस्यहरु, नगर सभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृतहरु लगायत सम्पूर्ण कर्मचारीहरु, पत्रकार संचार माध्यम, नागरिक समाज, प्रहरी प्रशासन लगायत अन्य सरकारी, गैर सरकारी निकायहरु, नेपाल सरकार एवं प्रदेश सरकार लगायत सम्पूर्ण कोहलपुरबासी आमा, बुवा, दाजुभाई तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यबाद आभार व्यक्त गर्दै नगर प्रमुखबाट बैठक समापन भयो ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत